**गाउँसभाका सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु,**
**पत्रकार, सुरक्षाकर्मी एवं उपस्थित सम्पूर्ण मानुभावहरु ।**

माप्य दुधकोशी गाउँपालिकाको विकास, समृद्धि र सु-शासनलाई युक्त बनाउने मुख्य उद्देश्य र कर्तव्यका साथ यस ऐतिहासिक गाउँसभामा माप्य दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

नेपालको संविधानले व्यवस्था गरे अनुरुप माप्य दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेको छु। सर्वप्रथम नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि पटक पटक भएका राजनैतिक अन्दोलनका क्रममा आफ्नो अमूल्य जिवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदासुमन अर्पण गर्दछु । साथै राजनैतिक आन्दोलनको क्रममा बेपत्ता घाईते र अपाङ्ग भएका नागरिकहरु प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।

लोकतन्त्रको आधार स्तम्भ र जनताको सबै भन्दा नजिको सरकार एंव जनताले सजिलै भेट्न र अनुभव गर्न सक्ने सरकारको रुपमा स्थानीय सरकारले जनताको विकास प्रतिको आकांक्षा र भावना सुलभ गुणस्तरीय सेवा प्रवाहको निम्ति संविधान र कानुनले दिएको अधिकारको प्रयोग गरि स्थानीय सरकारको कार्य गरिरहेको सन्दर्भमा प्रभावकारी सेवा प्रवाह गर्न विकास आयोजना र कार्यक्रमहरु सञ्चालन गर्न सजग र संवेदशील रहि स्थानीय सरकारले सबैसँग समन्वय र सहकार्य गरि रहेको छ र आगामि दिनहरुमा गरि रहने छ ।

प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो माप्य दुधकोशी गाउँपालिका समाजको उत्पति, बनोट, सभ्यता र संस्कृतिको विकासमा समेत विविधतापूर्ण छ। यी हाम्रा साझा सम्पती हुन। यो याथार्थतालाई आत्मासाथ गरी गाउँसभा मार्फत हाम्रा अल्पकालिन तथा दिर्घकालिन लक्ष्यहरुलाई सम्बोधन गर्ने गरी तत्कालीन लक्ष्यहरुलाई निर्धारण गर्ने प्रयास गरेका छौ। साथै अहिले सम्मका अध्ययन, अनुभव र आवश्यकताका आधारमा प्राथमिकीकरण गरिएको छ। सिमित स्रोतमा रही बजेटमा समेटन नसकेका कतिपय कार्यक्रम तथा योजनाहरु नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग साझेदारीका लागि आवश्यक पहल गर्दै आगामी आर्थिक वर्षहरुमा सम्बोधन गर्दै लगिने छ।

## चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको समिक्षा

सिमित श्रोत तथा साधनको उपलब्धता भएता पनि विभिन्न महत्वकांक्षी योजनाहरु सम्पन्न गरी नागरिकको प्रत्यक्ष दैनिकिमा परिवर्तनको अनुभूति गराउने कार्य भएको छ। गाउँपालिकाको विकास, समृद्धि र सु-शासनका लागि संघीय सरकार, कोशी प्रदेश सरकार, गैर सरकारी संघ/संस्था तथा विभिन्न सरोकार निकायहरु सँगको समन्वय, सहकार्य र साझेदारीमा अगाडी बढीरहेका छौ । जन आकांक्ष अनुरुप उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै गाउँपालिकाको विकास र परिवर्तनको अनुभुति दिलाउने कार्य भएको छ। अब म चालु आ.व. भएका महत्त्वपूर्ण उपलब्धीहरुलाई प्रस्तुत गर्न चाहन्छु ।

**आ व २०८०/८१ को अन्त्य सम्म देहायका उपलब्धिहरु हासिल गरिएको छ।**

- ✓ गाउँपालिकाको क्षेत्र भित्र लगभग ५० किलोमिटर सडक निर्माण कार्य सम्पन्न भएको छ ।
- ✓ थानेखोला खानेपानी आयोजनाको लगभग ५०% कार्य सम्पन्न भएको छ ।
- ✓ सांस्कृतिक महादेव मन्दिर निर्माण कार्य ७५ % कार्य भएको छ ।
- ✓ गौरवको योजना भोगखोला मोटरेवल पूल निर्माण कार्य सम्पन्न भई नियमित सञ्चालन भइरहेको छ ।
- ✓ त्रिवेणी खोला मोटरेवल पुल र भूङ्गराखोला मोटरेवल पुलको निर्माण कार्य तिब्र गतिमा भईरहेको छ ।
- ✓ सांस्कृतिक बुद्ध पार्क, सांस्कृतिक महादेव पार्क, स्काई ग्लास ब्रिज र सांस्कृतिक चिण्डो पार्कको ठेक्का सम्झौता भई निर्माण कार्य सुरु गरिएको छ ।
- ✓ गाउँपालिकाले निर्माण गरेको DPR अनुसार सल्लेरी – जुभिङ सडकको कालोपत्रे निर्माण कार्य तिब्र गतिमा अगाडी बढीरहेको छ ।
- ✓ वडा नं ५ र वडा नं १ को वडा कार्यलय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- ✓ नागरिकको स्वास्थ अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकामा प्राथमिक अस्पताल सञ्चालन गरिएको छ ।
- ✓ आधा दर्जन झोलुङ्गे पूल निर्माण कार्य भईरहेको छ ।
- ✓ बासाखाली मा. वि. मा विज्ञान प्रयोगशाला र जलेश्वरी आ.वि. मा सूचना तथा सञ्चार प्रविधिमा शिक्षण सिकाई गराउन प्रयोगशाला स्थापना गरिएको छ ।
- ✓ विभिन्न गैर सरकारी संस्थाको साझेदारीमा करिव २०० विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- ✓ पर्यटन प्रवर्द्धनको लागि पर्यटन सेल्टर र सूचना केन्द्रको निर्माण गरिएको छ ।
- ✓ पर्यटन प्रवर्द्धनको लागि EVEREST DUDHKOSHI CULTURAL VIEW TRAIL को उद्घाटन गरी सञ्चालम आएको छ ।
- ✓ खेलकुद र पर्यटनको विकास सँग जोडदै अन्तराष्ट्रिय स्तरको रक क्लाईम्विङ सेन्टर महभिरमा उदघाटन गरिएको छ
- ✓ खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै अन्तराष्ट्रिय Everest View Trail म्याराथन प्रतियोगिता सञ्चालन गरिएको छ ।
- ✓ कृषि क्षेत्रको विकासको लागि दिर्घकाली कृषि रणनीतिक योजना निर्माण भईरहेको छ ।
- ✓ गाउँपालिकालाई कृषि तथा पशुपालनमा आत्मा निर्भर बनाउन विभिन्न महत्वपूर्ण कार्यक्रममाहरु सञ्चचालन गरिएको छ ।
- ✓ कृषि संकलन केन्द्र स्थापनाका लागि गाउँपालिकाका सबै वडामा निर्माण कार्य भईरहेको छ ।
- ✓ गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण गरी सेवा प्रवाह शुरु गरिएको छ ।
- ✓ वडा नं ५ मा माध्यमिक विद्यालय तह कक्षा १० पठनपाठन सुरु गरिएको छ ।
- ✓ वडा नं ६ वाकु मा माध्यमिक विद्यालय तह कक्षा ११-१२ को पठनपाठन सुरु गरिएको छ ।

- ✓ धार्मिक तथा सास्कृतिक पहिचान बोकेका गुम्बा, भुमेस्थान  तथा विभिन्न मन्दिरहरु निर्माण गरिएको छ ।
- ✓ लैङ्गिक  समानता समावेशीकरण  तथा आपाङ्गता सम्बन्धी गाउँपालिका, कोशी प्रदेश सरकार र करुणा फाउन्डेसनको त्रिपक्षीय साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको छ ।
- ✓ कक्षा ६-८ को स्थानीय पाठ्यक्रम हाम्रो माप्य दुधकोशीको पाठ्यसामाग्री पाठ्यपुस्तक निर्माण गरिएको छ ।जसले गर्दा शिक्षण सिकाईमा सहजता भएको छ ।
- ✓ गरिब तथा असहाय बिरामीहरुको लागि आर्थिक सहायता उपलब्ध गराई सहयोग गरिएको छ ।
- ✓ व्यक्तीगत घट्ना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी शिविर सञ्चालन गर्नुका साथै डिजीटाईजेशन गरिएको छ ।
- ✓ सामाजिक सुरक्षा भत्तालाई बैंकिङ सुविधाको अवस्था हेरी वडाबाट नै वितरण गरिएको छ ।
- ✓ नेपाल टेलिकमसँगको समन्वयमा वडा नं को बतासे डाँडामा नेपाल टेलिकमको टावर निर्माणधिन रहेको छ ।
- ✓ अपाङ्ग नागरीकको तथ्याङ्क संकलनको लागि सबै वडामा स्वास्थ्य सिविर सञ्चालन गरिएको छ ।
- ✓ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै विद्यालयका प्रधानाध्यापकहरुलाई उत्कृष्ट नमुना विद्यालयको शैक्षिक अवलोकन भ्रमण तथा क्षमता अभिवृद्धि कार्यक्रम गरिएको छ ।
- ✓ सबै सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि अभ्यास पुस्तीका वितरण गरिएको छ
- ✓ जुभिङ मा.वि र बासाखाली मा.वि मा खेलकुद मैदान निर्माण गरिएको छ ।
- ✓ स्वास्थ्य क्षेत्रको सेवा विस्तार तथा सहजताका लागि सबै स्वास्थ्य स्वयम् सेविकाहरलाई स्ट्रेचर वितरण गरिएको छ
- ✓ पर्यटन प्रवर्द्धनको लागि सिलगुडी डाँडामा गोठस्टे र घुम्नेमेरामा होमस्टे निर्माण गरी सञ्चालनमा आएको छ ।
- ✓ गाउँपालिकाम योजनाबद्ध विकासका लागि भूक्तानी रकम दायित्व रहेका देहाय DPR निर्माण कार्य सम्पन्न गरिएको छ ।

  लामाबगर मोटरेवल पुल, बस पार्क निर्माण, रंगशाला निर्माण, कवर्ड हल, सांस्कृतिक वास पार्क, खास्ताप रात्नाङ्गे कालोपत्रे सडक, बतासे डाँडा – थानेखोला सडक, हिल खानेपानी, हिल देउराली सडक, पर्यटन गुरुयोजना, बस लामाबगर सडक, क्यादेल मोटरेवल पुल, सन्दर झरना मोटरेवल पुल, रक क्लाईम्बिङ सेन्टर, स्युम्पुर- खास्ताप खानेपानी

**२.१ सोच र लक्ष्य:**

माप्य दुधकोशी गाउँपालिकाको दिर्घकालिन सोच **पर्यटन र कृषि : सम्मुनत र खुशी माप्य दुधकोशी** का साथ गाउँपालिकाको समग्र विकासको मुख्य लक्ष्यका साथ नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

**२.२ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु :**

अब म माप्य दुधकोशी गाउँपालिकाले आ.व. २०८१/८२ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिएका प्रमुख आधारहरु प्रस्तुत गर्दछु

- नेपालको संविधानमा भएका प्रवधानहरु,
- संघीय र कोशी प्रदेश सरकारको सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम र प्राथमिकताहरु,
- पन्धौ पञ्चवर्षिय योजनाको आधार, दिगो विकासका लक्ष्यहरु,
- संघीय र कोशी प्रदेश सरकारले लिएका आर्थिक तथा वित्तिय नीतिहरु,
- स्थानीय तहको बजेट तथा  योजना तर्जुमा दिग्दर्शन २०७५,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य ऐन कानुन र नियमावलीहरु,
- संघीय र प्रदेश सरकारबाट प्राप्त निर्देशन, परिपत्र र मार्गदर्शनहरु,
- विगतका आर्थिक वर्षहरुको कार्य अनुभव,
- माप्य दुधकोशी गाउँपालिकाले आवश्यक ठानेका विषयहरु,
- विभिन्न राजनैतिक दल, संघ/संस्था, समाजसेवी, बुद्धिजिवी तथा नागरिक अगुवबाट प्राप्त राय, सुझावहरु।

**२.२.१ क्षेत्रगत निति तथा आधारहरु**

क) **आर्थिक क्षेत्र**

- मदिरा वेचविखनलाई व्यवस्थित गर्न  तथा सार्वजनिक स्थानमा धुम्रपान मध्यपान सेवनमा रोक लगाउने आवश्यक कानुन तर्जुमा गरी कार्यन्वयन गरिनेछ।
- स्थानीय आर्थिक विकास योजना निर्माण गरी कार्यन्वयन गरिनेछ।
- नव प्रवर्द्धनमा आधरित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- भिर महुरीको मह काड्न गाउँपालिका सामुदायिक वन उपभोक्ता समितिको समन्वय र निर्णयमा मात्र गरिनेछ।

➢ **कृषि तथा पशु विकास**

- एक महिला समूह एक रैथाने बाली उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई विष्टिकृत ब्रान्डिङ  गरी बजारीकरण गर्न कानुन तर्जुमा गरिनेछ।
- कृर्षि तथा पशुपंक्षी पालन क्षेत्रलाई व्यवसायिकता तर्फ उन्मुख गराउन आवश्यक व्यवस्था मिलाईने छ।
- गाउँपालिका क्षेत्रमा विषादी रहित तरकारी भित्र्याउन आवश्यक पहल गरिने छ।
- वडा नं ६ र ७ लाई केन्द्र विन्दु बनाई कृषि तथा हाट बजार स्थापना गरी सञ्चालन गरिनेछ।
- कृषि सामाग्रि भण्डारणका लागि वडा नं ४ मा कोल्ड स्टोर निमार्ण र वितरण केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईनेछ
- कृषि क्षेत्रको विकासका लागि गाउँपालिकाको दिर्घकालीन कृषि रणनीति गुरु योजना निर्माणको कार्यलाई निरन्तरता दिईने छ।
- जुबे अर्गानिक कृषि तथा पशु फर्मलाई गाउँपालिकाको बाख्रा स्रोत केन्द्र र घाँस स्रोत केन्द्रको रुपमा विकास तथा विस्तार गर्दै लगिनेछ।

- प्रत्येक घरमा करेसाबारी तथा बैगचा निर्माणमा प्रोत्साहन गरिनेछ ।
- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्म निर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- व्यावसायिक कृषि उत्पादनमा आत्मानिर्भरताको लागि वडा नं १ मा व्यवसायिक किवी र कगती  खेति वडा नं ३ मा व्यवसायिक तोरी खेती र महुरीपालन वडा नं ४ मा व्यवसायिक फलफूल र तरकारी खेती  वडा नं ६ मा व्यवसायिक चिया, कफि र केरा खेती,  गर्नको लागि कार्यक्रम ल्याईनेछ ।
- वडा नं २, वडा नं ५ र वडा नं ७ मा जडिबुटिको सम्भाव्यता अध्ययन र प्रशोधन केन्द्र स्थापनाका लागि पहल गरिने छ ।
- उत्पादन प्रतिफलका आधारमा अनुदानको व्यवस्था मिलाईनेछ ।
- अर्गानिक कृर्षि उत्पादनलाई प्रोत्साहन गरिने छ ।
- पशु रोग विरुद्धको खोप तथा कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिने छ ।
- प्रदेश सरकारको सहयोगमा वडा नं १ जुभिङमा  आधुनिक वधशाला निर्माण कार्य सम्पन्न गरिने छ ।

➢ **पर्यटन सम्बन्धी नीति**

- पर्यटन प्रवर्द्धनका लागि Everest Dudhkoshi Cultural Trail लाई थप व्यवस्थित सञ्चालन र विस्तार  गरिनेछ
- पर्यटन प्रवर्द्धनका लागि फार्म ट्रिप मार्फत यस क्षेत्रको पर्यटकीय स्थलको प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटकीय गतब्य क्षेत्रको  रुपमा विकास गर्दै लगिने छ ।
- पर्यटन क्षेत्रको विकासका लागि पर्यटन पूर्वाधारहरुको निर्माण कार्यलाई निरन्तरता दिदै लगिने छ ।
- धार्मिक, सामाजिक, सांस्कृतिक र प्रकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यको  पहिचान, संरक्षण, पूर्वाधार विकास र सम्वर्द्धन गर्दै पर्यटन उद्योगको प्रवर्धन गरिनेछ ।
- पर्यटन क्षेत्रको पूर्वाधार विकासको लागि पास्धा झरनामा क्यानोईङ र सरिमा महभिरमा रकक्लाईम्बिङ  निर्माणको कामलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका प्रवेशका मुख्य चार क्षेत्रमा सिलगुडी डाँडा, जुभिङ हेल्कु, कायाखेत वाकु र त्रिवेणी काँकु गेट निर्माण गरिने छ ।
- साईकलिङ रुट निर्माण कार्यालाई निरन्तरता दिईने छ ।
- पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रका संघ/संस्था तथा व्यवसायीहरुलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था र सहयोग गरिने छ ।
- स्थानीय कला, संस्कृति, सम्पदा तथा हस्तकलालाई पर्यटन व्यवसाय सँग आवद्ध गरी गाउँपालिकालाई पर्यटकीय गन्तव्य बनाउन पहल गरिने छ ।

➢ **उद्योग तथा वाणिज्य**

- स्थानीय कच्चा पदार्थमा आधरित लघु तथा घरेलु उद्यम प्रवर्द्धन गर्न सीप मुलुक तालिमको व्वस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको शुनिश्चत प्रदान गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- घरेलु तथा साना उद्योगको विकासका लागि दर्ता प्रक्रिया अवलम्बन गरिने छ ।
- स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणलाई जोड दिइनेछ ।
- कृषिमा आधारित उद्योग/ व्यवसाय स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

➢ **सहकारी**

- सरकारको तीन खम्बे अर्थ नीति अनुरुप सहकारी संस्थालाई प्रवर्द्धन गरिनेछ ।
- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी सम्बन्धी आवश्यक कानुन तर्जुमा गरिने छ ।
- कृषि सहकारीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

➢ **खानी तथा खनिज सम्बन्धी**

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानुन बमोजिम ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरी विक्री वितरण गर्न आवश्यक नीतिगत प्रबन्ध मिलाईने छ ।
- वडा नं ६ को वाप्सामा रहेको तामाखानी र वडा नं १ मा रहेको खरी खानीको उत्खननको लागि सम्बन्धित निकायमा पहल गरी उत्खनन् कार्य सुरु गर्न पहल गरिनेछ ।

➢ **गरिबि न्युनीकरण तथा रोजगारी सिर्जना**

- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रेहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सेवा केन्द्रमा अद्यवधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय स्तर मै उपलब्ध हुने कृषि उद्योग निर्माण सेवा व्यवसाय लगायतका क्षेत्रका रोजगार दातसँग समन्वय गरी रोजगारी प्रदान गर्न आवश्यक सहजीकरण व्यवस्था मिलाईने छ ।
- श्रम सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन गर्दै, युवा उद्यमशीलताको विकास गर्दै लगिनेछ ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराउन युवा रोजगारका लागि रुपान्तरण, कामका लागि पारिश्रमिक जस्ता कार्यक्रमहरु साझेदारीमा सञ्चालन गर्न पहल गरिनेछ ।
- आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक सशक्तीकरणमा जोड दिदै गाउँपालिका भित्रका महिलाहरुको सिप विकास कार्यक्रममा जोड दिइनेछ ।

➢ **वित्तीय क्षेत्र सम्बन्धी नीति**

- राजश्व सुधार योजना तर्जुमा गरिनेछ ।
- आन्तरीक राजश्व र कर प्रणालीलाई विद्युतीकरण गरी डिजिटल तथा प्रविधि मैत्री बनाइनेछ ।
- आन्तरिक आय बृद्धिका लागि आवश्यक पहल कदमी लिईनेछ ।

## ख) सामाजिक क्षेत्र

### ➢ शिक्षा सम्बन्धी नीति

- स्थानीय पाठ्यक्रममा नैतिक तथा अतिथि सत्कार , रैथाने बाली उत्पादन, रकक्लाईम्बिङ लगायत अन्य पर्यटन प्रवर्द्धन सम्बन्धी विषय बस्तु समेटिएका सन्दर्भ सामाग्री समेटेर पाठ्यपुस्तक लेखन तथा छपाई गरिने छ ।
- हिमालय मा.वि. खास्ताप र बासाखाली मा.वि मा कृषि तथा पशु सम्बन्धी प्राविधिक विषयहरुको पठनपाठन सञ्चालन गरिनेछ ।
- प्रविधि मैत्री शिक्षण मार्फत सिकाईलाई प्रभावकारी बनाउन आ व ८१/८२ मा हिमालय मा वि खास्तापमा interactive smart bord खरिद गरि वितरण गरिनेछ र क्रमश अन्य मा विहरुमा निरन्तरता दिईने छ ।
- माध्यमिक शिक्षा कक्षा ११-१२ लाई निशुल्क बनाउन कक्षा ११-१२ सञ्चालित विद्यालयहरुलाई अनुदानको व्यवस्था गरिने छ ।
- सगरमाथा मा. वि. मा कक्षा ११-१२ र रामपुर मा. वि. मा कक्षा १० सञ्चालनलाई थप व्यवस्थित गर्न अनुदानको व्यवस्था गर्दै लगिनेछ ।
- सबै समुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरलाई गाउँपालिकाबाट निशुल्क अभ्यास पुस्तिका वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- प्रारम्भिक वाल विकास सहजकर्ता, विद्यालय सहायक र सहयोगि कर्मचारीको लागि थप तलब भत्तालाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, कर्मचारी र जनप्रतिनिधिहरुलाई शैक्षिक अवलोकन भ्रमणमा जानका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- विद्यालयहरुमा हप्ताको एक दिन पाठ्यपुस्तक बिना **मेरो रोजाई मेरो सिकाई** कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- विभिन्न गैर सरकारी संस्थासँगको समन्वय र साझेदारी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबाट लिइदै आएको कक्षा ८ को गाउँपालिका स्तरीय बार्षिक परिक्षालाई अझ व्यवस्थित र उद्देश्यमुलक बनाइनेछ ।
- आधारभूत तथा माध्यमिक तहको वार्षिक परिक्षालाई स्तरीकृत बनाउन पालिका स्तरीय प्रश्न पत्र निर्माण गरी वार्षिक परिक्षा सञ्चालन गरिने छ ।
- शिक्षण सिकाई क्रियाकलाप गुणस्तरीय तथा प्रभावकारी बनाउन गैर सरकारी संस्था सँगको साझेदारीमा वि.व्य.स. शि.अ.स., प्रधानाध्यापक र शिक्षकहरुको क्षमता तथा नेतृत्त्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्युतीय विद्यालय (e-school) तथा अन्य सम्बन्धित कार्यक्रमहरु तर्जुमा गर्दै विद्युतिय सिकाई (e-learning), विद्युतिय शिक्षा (e-education) कार्यन्वयन गर्नुका साथै जीवन पर्यन्त सिकाईलाई प्रवर्द्धन गरिनेछ ।
- आधारभूत तह सञ्चालित कम्प्युटर तथा प्रिन्टर नभएका विद्यालयहरमा कम्प्युटर र प्रिन्टर वितरण गरिने छ
- विभिन्न गैर सरकारी संघ संस्थाहरु सँगको साझेदारीमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

- गाउँपालिका शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिदै माध्यमिक तह (कक्षा ९-१२) सम्म विस्तार गरिने छ।

### ➢ युवा तथा खेलकुद

- राष्ट्रिय खेलकुद परिषद तथा विभिन्न संस्थाहरु सँगको साझेदारीमा खेलकुद क्षेत्रको विकासका लागि खेलकुद प्रतियोगिता तथा कार्यक्रमहरु सञ्चालन गरिने छ।
- मुन स्टार युथ क्लसँगको समन्वय तथा साझेदारीमा अन्तराष्ट्रिय स्तरको म्याराथुन प्रतियोगिता सञ्चालन गरिनेछ।
- खेलकुद विकासका लागि खुल्ला पालिका स्तरीय खेलकुद प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।
- पर्यटन प्रवर्द्धनका लागि राष्ट्रिय स्तरको एभरेष्ट भ्यू ट्रेल म्याराथन प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिईने छ।
- खेल क्षेत्रको विकास तथा विस्तारमा योगदान पुर्‍याउने खेलाडीहरुको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ
- युवा शक्तिलाई विकास निर्माणका कार्यमा परिचालन गर्न प्रोत्साहन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगार युवाहरुको परिचालन गरिनेछ।
- उद्यमशील बन्न चाहने युवाहरुलाई मागमा आधारित तालिम सञ्चालन गरिनेछ।

### ➢ स्वास्थ्य क्षेत्र

- गाउँपालिकाबासी आम नागरिकलाई मौलिक अधिकारका रुपमा गुणस्तरीय स्वास्थ्य सेवा पाउने सुनिश्चितता गरिने छ।
- सुरक्षित मातृत्व सेवा प्रवाहका लागि स्वास्थ्य संस्थामा नियमित जाँच तथा सुत्केरी गराउने महिलाहरुलाई रु ५००० उत्प्रेरणा तथा प्रोत्साहन भत्तालाई निरन्तरता दिईने छ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई वार्षिक रु ६००० प्रोत्साहन भत्ता उपलब्ध गराईने छ। साथै ६० वर्ष उमेर हद पुगेर सेवा निवृत्त हुने महिला स्वयं सेविकाहरुलाई विशेष सम्मान सहित विदाई गरिने छ।
- नवजात शिशुहरुमा जन्म दोष परिक्षण पहिचान गर्न सिविर सञ्चालन गरिने छ।
- अस्पताल स्वास्थ्य चौकी तथा सामुदायिक केन्द्रबाट प्रदान गरिने खोप सेवा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य पोषणा लगायतका जनस्वास्थ्य सेवाहरु र उपरचरात्मक सेवाका लागि आवश्यक औषधि उपकरण तथा स्वास्थ्य सामग्रीका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- खोप सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य पोषण जस्ता प्रजनन् सम्बन्धित आधारभूत सेवा सुवधालाई प्रभावकारी बनाउन महिला स्वयमसेवकलाई परिचालन गरिनेछ।
- विभिन्न महामारी तथा सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न र आपतकालिन सेवा प्रदान गर्न चाहिने आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिनेछ।

- प्राथमिक अस्पताल खास्तापको लागि मेडिकल अधिकृत, रेडियोग्राफी र थप आवश्यक जनशक्तीको व्यस्थापन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रदान गरिने सम्पूर्ण स्वास्थ्य सेवाहरुको नियमन गरी स्वास्थ्य सेवा प्रवाहलाई जवाफदेही पूर्ण बनाइनेछ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा नियमित अत्य आवश्यक एवं नि:शुल्क प्रदान गरिने औषधीहरुको समयमै नियमित आपूर्ति र वितरण गरिनेछ।
- वडा नं ५ को काँकु स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर सञ्चालनमा ल्याईनेछ।
- बस क्लिनिकमा कर्मचारी व्यवस्थापन गर्न पहल गरिनेछ।

➢ **कला र संस्कृति प्रवर्द्धन**

- कला, साँस्कृति संरक्षण तथा विकासका लागि स्थानीय जात्रा र पर्व मनाईने व्यवस्था मिलाईनेछ।
- वडा नं ६ मा अवस्थित जलेश्वरी मन्दिरलाई पर्यटकिय क्षेत्रमा विकास गर्न DPR निर्माण गरिनेछ।
- पर्यटन प्रवर्द्धनका लागि भुमे फेस्टिबल मनाउने व्यवस्था गरिनेछ।
- परम्परागत कला तथा संस्कृतिको जगेर्ना गरिनेछ।
- पुरातात्त्विक जुवे पुरानो गुम्बाको संरक्षण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ।
- अतिथि सत्कारमा गाउँपालिकाको सांस्कृतिक पहिचान झल्कने चुन्ठी र थ्योक्लालाई उपहारको रुपमा प्रयोग गरिनेछ
- वडा नं १ मा साँस्कृतिक संग्रालय निर्माणका लागि पहल गरिनेछ।
- खालिङ राईको भेषभूषालाई व्यवसायीकीकरण गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था मिलाईने छ।

➢ **खानेपानी तथा सरसफाई**

- थानेखोला आयोजना र रेस्पदु रैदुङ खानेपानी आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाका सबै वडाहरुमा स्वच्छ, शुद्ध पिउने पानी उपलब्धताका लागि संघिय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- वस्ती, गाउँ तथा टोलहरुमा निस्कने फोहरमैला व्यवस्थापनका लागि डम्पिङ क्षेत्रको खोजी गरिनेछ।
- सरसफाई तथा फोहरमैला सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ।

➢ **लैगिंक समानता र सामाजिक समावेशीकरण : महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग सम्बन्धी नीति**

- लैगिंक हिंसा शोषण विभेद तथा दुर्व्यवहारलाई शुन्य सहनशिलताको नीति अवलम्बन गर्दै राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनका लागि पहल गरिने छ।
- आर्थिक, सामाजिक लगायतका सम्पूर्ण विकासमा सबै वर्ग, क्षेत्र, लिङ्ग, जात जातीको समावेशीकरणलाई प्राथमिकता दिइनेछ।

- संविधान प्रदत्त मौलिक हक कार्यान्वयनका गर्न बालबालिकाका लागि आवश्यक कार्यक्रम तथा वाल संरक्षण नीति बनाईनेछ । हिंसा मुक्त गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न एकल महिला तथा अपाङ्गता भएकालाई आयमुलक कार्यक्रममा सहभागी गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा किशोरीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकलाई सम्मान गर्दै उनीहरुमा भएको ज्ञान सिप र अनुभवलाई ग्रहण गरिनेछ ।
- सामाजिक विभेद न्यूनिकरण तथा सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य गर्दै सामाजिक काममा महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ
- कोशी प्रदेश सरकार, गाउँपालिका र करुणा फाउन्डेसनको त्रिपक्षीय साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि शिक्षा, स्वास्थ्य, जिविको पार्जन तथा ससक्तीकरण गरी सामाजिकीकरण गर्न आवश्यक सहयोग प्रदान गरिने छ ।
- आर्थिक सामाजिक विकासलाई अपाङ्ग मैत्री बनाईनेछ ।
- अपाङ्गताको प्रकृति अनुसार अपाङ्गको क्षमता विकास कार्यक्रम गरिनेछ ।
- बालवालिका पार्क आ.व. २०८१/८२ मा वडा नं ३ मा निर्माण सुरुवात गरिनेछ र बाँकी क्रमश: अन्य वडाहरुमा निर्माण गर्दै लगिनेछ ।

## ग) पूर्वाधार क्षेत्र

### ➢ सडक, यातायत,सिंचाई तथा आवास

- सडक यातायत गुरु योजना निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाबाट राजधानी सम्म प्रत्यक्ष सडक यातायतले जोडन सरकारी निजी साझेदारीमा सार्बजनिक यातायत बस सेवा सञ्चालनमा ल्यईने छ ।
- संघीय सरकार, प्रदेश सरकार र विभिन्न संघ संस्था तथा निकायसँग बजेट स्रोत सुनिश्चित हुने गरी बहुवर्षिय आयोजना लामाबगर पुल, साँस्कृतिक चिण्डो पार्क, साँस्कृतिक बुद्ध पार्क, साँस्कृतिक महादेव पार्क, स्काई ग्लास ब्रिज निर्माणको कार्यलाई निरन्तरता दिईने छ ।
- त्रिवेणि मोटरेबल पुल र भुङ्गरा खोला मोटरेबल पुलको निर्माण कार्य सम्पन्न गरि सञ्चालनमा ल्याईनेछ ।
- वडा नं ३ मा ब्याडमिन्टन हल निर्माणको कार्यलाई सम्पन्न गरी सञ्चालन गरिने छ ।
- रंगशालामा गाउँपालिका स्तरको कबर्ड हल निर्माणका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- गाउँपालिका केन्द्रसम्म पक्की कालो पत्रे सडक निर्माण कार्यलाई निरन्तरताको लागि थप पहल गरिनेछ ।

- रङ्गशालामा कार्यालय तथा अन्य पुर्वाधारको निर्माणको कार्यालाई निरन्तरता दिदै लगिने छ ।
- कोशी प्रदेश सरकारको सहयोगमा वडा नं १, ६र ७ लाई जोडने थानेखोला सडकको ट्र्याक ओपन निर्माण कार्य सम्पन्न गरिने छ ।
- गाउँपालिका भित्रका सडकलाई मौलिक तथा सांस्कृतिक बनाई पर्यटन क्षेत्र सँग आवद्ध गर्न डाँडागाउँ- भूमेथान, खास्ताप- भूमेथान सडकलाई मुन्धुमी सडक बनाईने छ ।
- वडा नं ६ र ७ लाई छोटो दुरीको सडक मार्ग बाट गाउँपालिकाको केन्द्र सम्म जोडन बस लामाबगर र वदवोर लामावगर सडक ट्र्याक ओपन कार्यलाई निरन्तरता दिईने छ ।
- नेपाल सरकारबाट जारी भवन निर्माण आचारसंहिता कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
- पूर्वाधार विकासलाई समय सापेक्ष र वातावरण मैत्री बनाईनेछ ।
- पूर्वाधार विकासका लागि गाउँपालिकाको पुन: नक्साङ्कन प्रक्रिया अगाडी बढाईनेछ ।
- गाउँपालिका भित्रका सडकहरुको स्तर उन्नती र नयाँ सडक ट्र्याक ओपन गरिनेछ ।
- वडा नं १ मा पाँचखोला खानेपानी तथा सिंचाई आयोजना निर्माणको लागि पहल गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी आवश्यकताका आधारमा सिंचाईका आयोजनाहरु निर्माण गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण सडक तथा बाटोहरु बाह्रै महिना सञ्चालन योग्य बनाउन नियमित सडक सरसफाई तथा मर्मत संभार गरिनेछ ।

**➢ सञ्चार सम्बन्धी**

- सुचना तथा संचार प्रविधि सम्वन्धि सेवाहरुको व्यापक पहुँच एवं विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
- डिजिटल पालिका निर्माणको कार्यलाई निरन्तरता दिईने छ ।
- गाँउपालिका अन्तर्गतका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय तथा सामुदायिक भवनहरुमा समेत ईन्टरनेट सहितको आधारभुत संचार सुविधाको उपलब्धता सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
- विकास एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौती सामना गर्न सुचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग (Innovative Use) प्रवर्धन गर्न विशेष कार्यक्रम लागू गरिनेछ ।
- सुचना तथा संचार प्रविधिको पहुँच भन्दा वाहिर रहेका समुदायका विद्यार्थी, शिक्षक तथा विद्यालयहरुमा सुचना संचार प्रविधिको उपकरण तथा सेवाहरुमा सर्वसुलभ पहुँच सुनिश्चित गरिनेछ।
- सवै स्वास्थ्य संस्थाहरुमा व्रोडब्याण्ड ईन्टरनेट सेवा उपलब्ध गराईनेछ ।
- सुचना तथा संचार प्रविधिको प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने विद्यमान प्रयासहरुलाई निरन्तरता प्रदान गरिनेछ ।

- सुचना तथा संचार प्रविधिको सिर्जनशील प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहमा नवीतम प्रयोगहरु भैरहेको सन्दर्भमा उक्त प्रविधिमा कर्मचारीहरुको दक्षता अभिवृद्धि गरिनेछ।

➢ **विद्युत सम्बन्धी**

- नेपाल विद्युत प्राधिकरणको समन्वयमा गाउँपालिकाका सबै वडाहरुमा राष्ट्रिय प्रसारण लाईनको विस्तार कार्य सम्पन्न गरिनेछ।
- जलविद्युत निर्मणका लागि आवश्यक पहल गरिनेछ।

## घ) वन, वातावरण तथा विपद व्यवस्थापन र भू-उपयोग सम्बन्धी नीति

- पूर्वाधारका क्रियाकलाप सञ्चालन गर्दा विपत जोखिम संवेदशिलतालाई केन्द्र विन्दुमा राखि कार्यन्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा स्टिमेट गर्ने व्यवस्था गरिनेछ।
- वन तथा वातावरण संरक्षण गर्दै ईभरग्रिन लगाउने र सडक आसपासको जमिनहरुमा वृक्षारोपण गरिनेछ। गाउँपालिकाका सबै वडामा प्रति वडा प्रति वर्ष कम्तिमा ६०० विरुवा वृषरोपण गरिने छ।
- बाढी, पहरो तथा आगलागी खडेरी महामारी जस्ता भैपरी आउने विपद रोकथाम तथा तयारी उद्दार राहत र पुनर्स्थापनाको लागि विशेष कार्ययोजना बनाई विपद व्यवस्थापन कोष स्थापना गरि संचालन गरिनेछ।
- विपद जोखिम क्षेत्रको पहिचान नक्साङ्कन गरी बस्ती व्यवस्थापन गरिनेछ।
- विपद न्यूनिकरण सम्बन्धी पूर्व सूचना प्रणालीको विकास गर्न पहल गरिनेछ। सँगै खोज तथा उद्धार राहत सामग्रीको पूर्व भण्डारण र वितरणमा समन्वय गरिनेछ।
- सामुदायिक वन लाई अभिलेखीकरण गरी करको दायरमा ल्याईने छ।
- विपद जोखिम रणनीति योजना तर्जुमा गरिने छ।

**भू-उपयोग सम्बन्धी नीति**

- **समानताको आधार भूमिमा महिला किसानको अधिकार** : जमिनमा महिला किसान वा संयुक्त स्वामित्व कायम गर्ने विषयलाई अभियानका रुपमा कार्यान्वयन गरिनेछ। संयुक्त र एकल पूर्जा बनाउन प्रत्येक टोलमा छलफल आयोजना गरिने छ
- **सबै जमिनको वर्गीकरण कृर्षियोग्य भूमिको संरक्षण** : गाँउपालिकाको भू-उपयोग योजना तर्जुमा गरी लागु गरिने छ। भूमिको वर्गिकरण गरिने छ। निजी र सरकारी कृर्षियोग्य भूमि बाझो राखिने छैन। सरकारी, सार्वजनिक र उपयोगमा आउन बाँकी रहेका जमिन पहिचान गरी भूमीहिनलाई उपयोगका लागि पहिलो प्राथमिकतामा राखी उपलब्ध गराईने छ।
- **भूमीहिन र अव्यवस्थित बसोबासका लागि भूमिको अधिकार सरनिश्चितता** : लामो समयदेखि समाधान हुन नसकेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्य समाधान गर्न राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी याथार्थ लगत लिई जग्गाधनी प्रमाण पत्र पुर्जा उपलब्ध गराईने छ।

- **गरीव, भूमिहीन र सिमान्तकृत अति विपन्न परिवारलाई परिचय पत्र र रासनको व्यवस्था :** अति गरिव, एकल र सिमान्तकृत भूमिहिन परिवारका लागि आवास निर्माण र जिविको पार्जनको कार्यक्रम सञ्चालन गरिनेछ। विकासका कार्यक्रम सञ्चालन गर्दा सिमान्तकृत भूमिहीन समुदाय सम्म पुग्ने गरि तर्जुमा गरिनेछ।
- **मोही हक कायम गर्ने र जोताहाको अधिकार सुनिश्चित गर्ने व्यवस्था :** जमिन खनजोत गरिरहेका किसानहरुको मोही हक कायम गर्ने र जोताहाको अधिकार सुनिश्चित गर्दै जमिनमाथिको द्वैध स्वामित्व समाप्त गर्न प्रत्येक वडामा जोताहा किसानको लागत तयार पारी उपयुक्त कदम चालिनेछ।

ङ) **संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- डिजिटल पालिका निर्माणको कार्यालाई निरन्तरता दिईने छ।
- राजश्व सुधार योजना बनाई अनलाइन प्रणालीमा आवद्ध गरिनेछ।
- सुचना प्रविधिको विकास तथा विस्तार गरिनेछ।
- गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यलय तथा विषयगत शाखाको सेवा प्रवाहरुलाई सुचना प्रविधि मैत्री बनाउदै लगिनेछ।
- सेवा प्रवाहका लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चका लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मित्तव्ययी बनाउन अनुउत्पादक खर्चहरु कटौती गरिनेछ।
- जनशक्ति क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

➢ **पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी**

- सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी  बनाइनेछ साथै सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ प्रणाली मार्फत घुम्ती सिविर सञ्चालन गरी वितरणको व्यवस्था मिलाईनेछ।

➢ **गैर सरकारी संघ संस्था सम्बन्धी**

- गाउँपालिका भित्र कार्य क्षेत्र रहेका तथा कार्य गर्न चाहने सम्पूर्ण गैर सरकारी संस्थाहरुको लागि एकद्धार प्रणाली अवलम्बन गरिने छ साथै गैर सरकारी संघ संस्था तथा व्याक्तिहरुले गाउँपालिकाको कुनै पनि क्षेत्रमा कार्य गर्नु परेमा अनिवार्य गाउँपालिकासँग अनुमति लिनु पर्ने र गाउँपालिकाले तोकेको विषय क्षेत्र र भुगोलमा कार्य गर्नु पर्नेछ।

➢ **आन्तरिक तथा अन्तिम लेखा परिक्षण बेरुजु**

- पुरानो बेरुजु रकमको नियमित गर्ने कार्यमा सम्बन्धित विषय विज्ञको समेत राय सल्लाह लिई पुरानो बेरुजु फछ्यौट कार्यलाई तिब्रता दिईने छ।
- समयमै पेश्की तथा बेरुजु फछ्यौट गर्ने कार्यलाई पुर्ण कार्यान्वयन गरिने छ।

### ➢ लेखाङ्कन तथा राजश्व परिचालन

- गाउँपालिका भित्र सञ्चालनमा रहेका सवारी साधन तथा अन्य साधनहरुको दर्ता प्रक्रिया अगाडी बढाई राजश्व बृद्धि गरिनेछ।
- राजश्व संकलन हुन नसकेका क्षेत्र, व्यक्ति तथा संस्थाहरुको पहिचान गरी राजश्व संकलन कार्यलाई कडाईका साथ कार्यान्वयन गरिने छ।
- राजश्व संकलन तथा करदाताको अभिलेखलाई व्यवस्थित बनाईनेछ।

### ➢ वित्तिय सुशासन तथा जोखिम न्यूनकरण

- अनावश्यक खर्च नियन्त्रणमा जोड दिईनेछ।
- गाउँपालिकाले वार्षिक खरिद योजना तयार गरी सोही अनुरुप खरिद प्रक्रियालाई पारदर्शी र गुणस्तरीय बनाउदै लगिनेछ।
- आर्थिक कार्य प्रणालीलाई चुस्त दुरुस्त बनाई वित्तिय सुशासन कायम गरिने छ।

### ➢ न्याय सम्पादन

- न्याय सम्पादन प्रक्रिया छिटो, छरितो, विश्वासनीय र निष्पक्ष बनाईनेछ।
- न्यायिक समितिको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमलाई परिमार्जन सहित थप प्रभावकारी वनाईने छ।
- न्यायिक समितिमा परेका उजुरीहरु लाई मेलमिलाप कर्ता परिचालन गरी सामुदायिक स्तरबाटै समाधानको प्रयास गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरिनेछ।
- मेलमिलाप कर्ताहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिने छ।

## आय व्ययको विवरण

आ.व.२०८० /०८१

रु हजारमा

| शीर्षक | | गत आ.व.२०७९ /०८० को यथार्थ | चालु आ.व. २०८० /०८१ को संशोधित अनुमान | आ.व.२०८१/०८२ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | | | |
| | **राजस्वः** | | | |
| | आन्तरिक राजस्व | २५२४ | ३२० | ५२०० |

| | | | | |
|---|---|---|---|---|
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५४३६१ | ५०१०० | ७६२०० |
| | अन्य आय | | | |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | |
| | नेपाल सरकारबाट प्राप्त | १०५०५४ | ७४४०६ | १००४०० |
| | प्रदेश सरकारबाट प्राप्त | ५४३४ | ४६६८ | ६२०६ |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | |

च) **अन्य**

➢ **दायित्व**

- चालु तथा विगतका आ.व. मा संघीय सरकार र प्रदेश सरकारबाट उपलब्ध अनुदान सबै नआएको तथा अन्य विवध कारणहरुले गर्दा रकम अपुग भएर योजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको दायित्वको भुक्तानी आ.व. २०८१/८२ मा गरिने छ। जसका लागि आवश्यक बजेट विनियोजन गरिने छ।

**गाउँसभा सदस्य ज्यूहरु,**

गाउँपालिकको समग्र विकास र समृद्धिका लागि यस नीति तथा कार्यक्रमले समेटिएका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुन्छ । सर्वपक्षीय सुझावलाई समेटेर तयार गरिएको यस नीति तथा कार्यक्रममा उल्लेखित विषयहरु बजेटबाट सम्बोधनको प्रयास गरिने छ। **पर्यटन र कृषि : सम्मुनत र खुशी माप्य दुधकोशी** को हाम्रो दुरदृष्टि लाई सफल बनाई समृद्ध र आत्मानिर्भर गाउँपालिका निर्माणमा यस नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि आ-आफ्नो ठाउँबाट सकारात्मक सहयोगको अपेक्षा लिएको छु र अन्तमा गाउँपालिकाको समग्र विकासमा प्रत्यक्ष अप्रत्क्ष सहयोग पुऱ्याउने संघीय सरकार , कोशी प्रदेश सरकार, जनप्रतिनिधि, विकास साझेदार संस्था, बुद्धिजिवि वर्ग, शिक्षक, कर्मचारी, सुरक्षाकर्मी, पत्रकारहरु प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु।

**बुद्धिकिरण राई**
**अध्यक्ष**
**माप्य दुधकोशी गाउँपालिका**